1

छविसपाथिभेरा गाउँपालिका

स्थानीय राजपत्र

| खण्ड : ७ | संख्या : ४ | मिति : २०८०।०६।१६ |
|---|---|---|

# व्यावसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०५।२९
प्रमाणिकरण मिति : २०८०।०५।२९
राजपत्रमा प्रकाशन मिति : २०८०।०६।१६

आज्ञाले :
नाम : गगन बहादुर ऐडी
पद : नि.प्रमुख प्रशासकीय अधिकृत

# व्यवसाय दर्ता तथा नबिकरण सम्बन्धि कार्यबिधि २०८०

छविसपाथिभेरा गाउँपालिका क्षेत्रभित्र सन्चालित एवम् सन्चालन हुने बिभिन्न व्यवसायिक गतिविधिलाई कानुनी दायरामा ल्याउन ,व्यवसाय सन्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत वृद्धि गर्न, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रबर्द्धन गरी उपभोक्ता हित संरक्षण गर्न साथै उधोग,कृषि,पशुपन्छी जन्य बस्तुहरुको उत्पादन वृद्धि ,बजारीकरण ,व्यवसायिकरणको माध्यमबाट आर्थिक बिकास र समृद्धि गर्न नेपालको संविधान र स्थानिय सरकार सन्चालन ऐन २०७४ ले स्थानिय सरकारलाई दिएको अधिकारभित्र रहि व्यवसाय दर्ता तथा नविकरण सम्वन्धि कार्यविधि ,२०८० तयार गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम :व्यवसाय दर्ता तथा नविकरण सम्वन्धि कार्यविधि २०८० हुनेछ ।
२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि तरुन्त लागु हुनेछ ।

### २.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१ .कार्यालय भन्नाले छविसपाथिभेरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास ,पर्वतलाई सम्फनुपर्नेछ ।
२.वडा कार्यलय भन्नाले छविसपाथिभेरा गाउँपालिका अन्तरर्गतका ७ वटै वडा कार्यलयहरुलाई सम्फनुपर्नेछ ।
३.प्रमुख प्रशासकिय अधिकृत भन्नाले छविसपाथिभेरा गाउँपालिका, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्फनुपर्नेछ ।
४.व्यवसाय भन्नाले मुनाफा कमाउने उद्धेश्यले दफा ४ वमोजिम विषयगत क्षेत्रका आर्थिक कियाकलापहरु सम्फनुपर्नेछ ।
५.व्यवसायी भन्नाले छविसपाथिभेरा गाउँपालिका क्षेत्र भित्र व्यवसाय गर्ने व्यक्ति ,संस्थाहरुलाई सम्फनुपर्नेछ ।
६.कर भन्नाले गाउँपालिकासंग सम्वन्धित प्रचलित ऐन, नियमावली र यो कार्यविधि वमोजिम गाउँपालिकाले आपनो क्षेत्र भित्रको व्यवसायमा पुँजिगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एव्म व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसायकरलाई सम्फनुपर्छ र यो शव्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क ,कर,जरिवाना समेतलाई जनाउँछ ।
७. कर दाता भन्नाले दफा ४वमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति ,फर्म वा संघ सस्थालाई सम्फिनुपर्छ ।
८. क्षेत्र यस छविसपाथिभेरा गाउँपालिका क्षेत्र भित्रका व्यवसायहरुलाई यस कार्यविधिले समेट्नेछ ।

### ३.व्यवसाय दर्ता तथा मापदण्ड

१) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय सन्चालन गर्नु अघि यस कार्यविधि वमोजिम व्यवसाय दर्ता गर्नुपर्नेछ ।
२) उजदफा १ मा जुनसुकै कुरा उल्लेख भएपनि यो कार्यबिधि लागु हुनुअघि दर्ता प्रकियामा व्यवसाय दर्ता भएका व्यवसायलाई यसै कार्यविधि अनुसार मान्य हुनेछ ।
३) व्यवसाय सम्वन्धि मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४) **व्यवसायका बिषयगत क्षेत्र** :विषयगत क्षेत्र अन्तरर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

- दैनिक उपभोग्य सामाग्रिहरु खाद्यान्न ,थोक तथा खुद्रा पसल
- होटल व्यवसाय
- कृषि तथा पशुपन्छी फर्म

गजेन्द्र ... नि.प्रमुख प्रशासकीय अधिकृत

- नर्सरी फर्म
- औषधी पसल, एग्रोभेट
- वधशाला ,मासु पसल
- कानुन व्यवसाय
- अनुसन्धान दर्ता परामर्श सेवा
- ड्राइभिङ्ग इन्सिच्युट

## परिच्छेद २
## व्यवसाय दर्ता तथा नबिकरण सम्बन्धी व्यवस्था

### ५) व्यवसाय दर्ता:

१) व्यवसाय दर्ता गर्नुपर्ने: व्यवसाय सन्चालन गर्दा अनिवार्य दर्ता गर्नुपर्नेछ ।

६) दर्ताका लागि आवश्यक कागजात तथा प्रमाणपत्र

(१) व्यवसाय दर्ताका लागि व्यवसायिले देहायका कागजातहरु सहित अनुसुचि (१)बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
- व्यवसाय संन्चालनको २प्रति फोटो ।
- व्यवसाय संन्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी वा कम्तीमा १० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज ।
- स्थानिय उधोग वाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र)।
- सम्बन्धीत वडा कार्यालयको सिफारिस ।

(२)उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले त्यस उपर आवश्यक जाँचबभ्र समेत गरी निर्धारण भए बमोजिमको बार्षिक कर एव्म अन्य दस्तुरहरु लिइ व्यवसाय दर्ता गर्नेछ । गाउँसभाले पारित गरेअनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता गर्ने ब्यक्ति ,फर्म वा निजको प्रतिनिधिको हुनेछ ।

(३) माथि उपदफा २बमोजिम व्यवसाय दर्ता भए पछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसुचि (३) को ढाचाँमा व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउने छ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्धेश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय सन्चालन गर्नुपर्ने भएमा कार्यबिधिले छटटै व्यवस्था गरेको वा प्रचलित कानुनमा अन्यथा गरेको अबस्थामा बाहेक छुट्टाछुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।तर शाखा वा थप कारोबारस्थलको लागि लाग्ने

कर एकमुष्ट तिरी बिभिन्न स्थानमा ब्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्र खुलाउने गरी ब्यवसाय दर्ता गर्न यस उपदफाले बाधा पुयाएको मानिने छैन ।

७) ब्यवसाय नविकरण सम्बन्धी ब्यवस्थाः

(१) दफा (६) बमोजिम दर्ता भएको ब्यवसाय आर्थिक बर्ष शुरु भएको ३ महिना भित्र बार्षिक कर अग्रिम रुपमा तिरि प्रत्येक आर्थिक ब्यवसाय नबिकरण गर्नै पर्नेछ । ब्यवसाय नबिकरण लागी ब्यवसायिले देहायका कागजातहरु सहित अनुसुचि (२) बमोजिमको ढाचाँमा गाउँपालिकामा निवेदन दिनु गर्नु पर्नेछ ।

- ❖ ब्यवसाय दर्ता प्रमाण पत्रको सक्कल ।
- ❖ ब्यवसाय सन्चालनको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- ❖ मालपोत तिरेको रसिदको प्रतिलिपि ।
- ❖ ब्यवसाय सन्चालन हुने भएको स्थानको २ प्रति फोटो ।
- ❖ स्थानिय उधोग बाणिज्य संघको सिफारिस (कृर्षि तथा पशुजन्य ब्यवसायको लागि आवश्यकताअनुसार मात्र)
- ❖ सम्बन्धीत वडा कार्यालयको सिफारिस ।

८) ब्यवसाय दर्ता तथा नबिकरण शुल्क र पुनरावलोकन सम्बन्धी ब्यवस्था :

(१) ब्यवसाय दर्ता ,नबिकरण सम्बन्धी शुल्क ।दस्तुर छबिसपाथिभेरा गाउँपालिकाको राजस्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) प्रत्येक आ .व मा ब्यवसाय दर्ता, नबिकरण राजस्व शुल्क, दस्तुर गाउँपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

९) दर्ता प्रमाणपत्रको प्रतिलिपि दिन सकिने :

ब्यवसायको दर्ता प्रमाणपत्र हराएमा ,च्यातिएमा गर्ने महलखाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयले अभिलेखानुसार प्रतिलिपि प्रमाणतह जारी गर्न सकिनेछ ।

## परिच्छेद ३
## अनुगमन तथा कारबाही

१०) मुल्य सुची सम्बन्धी ब्यवस्था :ब्यवसायीहरुले अनिबार्य रुपमा उपभोक्ताहरुले प्रस्टसँग देख्ने गरी मुल्य सुची राख्नुपर्नेछ ।

११) ब्यवसाय अनुगमन सम्बन्धी ब्यवस्था :

(१) यस गाउँपालिकाभित्र सन्चालन भएका ब्यापार ब्यवसायहरुलाई स्वस्थ ,बनाउन छबिसपाथिभेरा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका (कार्यविधि) २०७५ बमोजिम नियमित गरिनेछ ।

१२) व्यवसाय दर्ता खारेज गर्न सकिने :

(१) यस कार्यबिधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु मामिनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय संचालनमै रहेको मानी कर निर्धारण गरी कर असूल उपर गरिनेछ।

(३) .यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा मनासिव करण खोली व्यवसायीले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(४) .उपदफा ३ बमोजिम निवेदन प्राप्त भएपछी वडा कार्यालयले आवश्यक जाचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर रकम र व्यवसाय खारेजको लागी गाउँपालिकामा सिफारिस सहित पठाउनु पर्ने छ। गाउँपालिकाले कागजात अध्ययनगरी लागत कट्टा वाफत लिइने सेवा शुल्क समेत असुल गरी लगत कट्टा गरिदिनु पर्ने छ।

(५) .प्रचलित कानून विपरित कारोबार गरेमा वा पेशा व्यवसाय संचालन गरेमा व्यवसाय संचालन सम्वन्धमा कार्यालयले दिएको निर्देशन बारम्वार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाकी सरह असुल गर्नेछ।

(६) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने प्रर्यास्यातापा मौका दिनु पर्नेछ।

(७) यस दफा अन्तर्गतको उपदफा ५ बमोजिम कार्यालयले व्यवसायदर्ता खारेज गरेमा व्यवसाय सम्वन्ध व्यवसायीको नाम गाउँपालिकामा ३ वर्षसम्म कुनै पनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ। साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ।

(१३) कारवाही र जरिवाना सम्वन्धी व्यवस्था:

१.कार्यविधिले तोकिएको समय भित्र कर नबुझाएमा, कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्वन्धित आर्थिक वर्षको अन्तसम्मको लागी लाग्ने करमा ५०% जरिवाना लिई असुल उपर गरिनेछ।

२.एक आर्थिक वर्ष समाप्त भए पछि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागी लाग्ने कर रकमको वार्षिक १००%दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ। (कृषि र पशु व्यवसायको हकमा वार्षिक ऐन अनुसार हुनेछ।

३. व्यवसाय तथा बजार अनुगमनको कममा देहायको अबस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ।

| | |
|---|---|
| १. मुल्य सुची नराखेमा | रु.५००। |
| २. प्रमाणपत्र नराखेमा | रु.५००। |
| ३. म्याद नाघेका सामाग्री बेचबिखन गरेमा , | रु.१५००। |
| ४. अधिकतम खद्रा मुल्य भन्दा बढी मुल्यमा सामाग्री बेचबिखन गरेमा, | रु.१५००। |
| ५. प्रदुषित, फोहोर सामााग्री बेचबिखन गरेमा, | रु.१०००। |

४. उपदफा (३) बमोजिम जरिवाना गरिसके पत्तात पनि कुनै व्यवसायीले आपनो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायहरुलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

गगन ... नि.प्रमुख प्रशासकीय अधिकृत

५. व्यवसाय दर्ता नविकरण नगरी सन्चालन गरेमा कारबाही हुने :

१. प्रचलित कानुन र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्र भित्र सन्चालन गरेको पाइएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धीत व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नका लागि पत्राचार गर्नुपर्नेछ ।

२. उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको ३५ दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धीत व्यक्तिको हकमा गाउँपालिकाबाट प्रबाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गर्न सक्नेछ ।साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थाहरुबाट प्रवाह हुने सेवा सुविधाहरु बन्द गर्न सकिनेछ।

३. उपदफा (२) बमोजिम सेवा सुबिधा रोक्का राखेपछि पनि ३ महिना भित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय सन्चालन गरेमा सम्बन्धीत कार्यालयले कर तिर्न अटेर गर्न व्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र दस्तुर प्रचलित कानुन बमोजिम असुल उपर गर्नेछ ।

## परिच्छेद ४
## विविध

१४. कार्यालयले विवरण माग गर्न निर्देशन दिन सक्ने

१. कुनै खास पेशा ,व्यवसाय वा व्यापारको सम्बन्धमा केहि कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछन् यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तब्य सम्बन्धीत व्यवसायीको हुनेछ

२. उपदफा (१) बमोजिम बिवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धीत पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जाचँबुझ गर्न सक्नेछ ।

३. यस कार्यविधि बमोजिम दर्ता भएका पेशा ,व्यवसाय सन्चालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ ।

४. यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धीत व्यवसायीको हुनेछ ।

१५. बाधा अड्काउ सम्बन्धी व्यवस्था:

(१) यस कार्यबिधि कार्यान्वयको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ ।

अनुसुचि १.

(दफा ६ उपदफा १ सँग सम्बन्धित )

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु
छबिसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय छबिस
बझाङ्ग ।

मिति:..................

**बिषय :व्यवसाय दर्ता सम्बन्धमा ।**

मैले हामीले निम्न स्थानमा सन्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न सन्चालन गरेको व्यवसाय नविकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छौ ।नियमअनुसार लाग्ने कर बझाउनेको साथै गाउँपालिकावाट समय समयमा दिइने आदेश निर्देशन समेत पालना गर्न मन्जुर छु छौ साथै मैले हामीले पेश गरेको कागजात तथा बिवरणहरु ठिक साचो रहेको र फरक परे कानुन बमोजिम कारवाहि भएमा मन्जुर छु छौ ।

(१) व्यवसायीको नामथर:.......................................................
२. व्यवसायीको स्थायी ठेगाना:
जिल्ला ..................न. पा. गा. पा......................वडा न ............ टोल.........................
३. व्यवसायीको पिता पतिको नामथर................................................
४. व्यवसाय सन्चालन हुने स्थान :
जिल्ला .................................न.पा.गा.पा...................... वडा न.......... टोल...........
५. सम्पर्क नं, ..............................इमेल.....................................
६. व्यवसाय रहने जग्गाको जग्गा धनीको नाम :...........................................................
७ .जग्गा धनीको ठेगाना
जिल्ला...................... न. पा. गा. पा........................... वडा न.................... टोल............
८. व्यवसायको प्रकृति ...............................................
९. लगानी पुजी रु,.......................................................
१०. व्यवसायको नाम .......................................................................
११. अन्यत्र दर्ता भएको भए दर्ता न ...............................................कार्यालय........................

**संलग्न कागजातहरु:**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
- व्यवस,ाय सन्चालनको २ प्रति फोटो ।
- व्यवसाय सन्चालन हुने जग्गाको जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तीमा १० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज ।
- स्थानिय उधोग बाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र)।
- चालु आ. व .मा मालपोत तिरेको रसिदको प्रतिलिपि ।
- व्यवसाय सन्चालन हुने वा भएको स्थानको २ प्रति फोटो ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

.................................
निवेदकको दस्तखत

गगन बहादुर ...
नि.प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची २
(दफा ७ उपदफा १सँग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु ,
छबिसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय छबिस
बझाङ्ग ,

मिति :.....................

बिषय : व्यवसाय नबिकरण सम्बन्धमा ।

मैले हामीले निम्न स्थानमा सन्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छौ ।नियमअनुसार लाग्ने कर बझाउनेको साथै गाउँपालिकाबाट समय समयमा दिइने आदेश निर्देशन समेत पालना गर्न मन्जुर छु छौ साथै मैले हामीले पेश गरेको कागजात तथा बिवरणहरु ठिक साचो रहेको र फरक परे कानुन बमोजिम कारर्वाहि भएमा मन्जुर छु छौ ।

(१) व्यवसायीको नामथर:.........................................................
२. व्यवसायीको स्थायी ठेगाना:
जिल्ला ...................न. पा. गा. पा.......................वडा न ............ टोल..........................
३. व्यवसायीको पिता पतिको नामथर..................................................
४. व्यवसाय सन्चालन हुने स्थान :
जिल्ला ..................................न.पा.गा.पा....................... वडा न.......... टोल...........
५. सम्पर्क नं, ...........................इमेल........................................
६. व्यवसाय रहने जग्गाको जग्गा धनीको नाम :.........................................................................
७ .जग्गा धनीको ठेगाना
जिल्ला...................... न. पा. गा. पा............................ वडा न.................... टोल............
८. व्यवसायको प्रकृति ..................................................
९. लगानी पुजी रु,.......................................................
१०. व्यवसायको नाम ..........................................................................
११. अन्यत्र दर्ता भएको भए दर्ता न ..........................................कार्यालय........................
संलग्न कागजातहरु :

- व्यवसाय दर्ता प्रमाण पत्रको सक्कल ।
- व्यवसाय सन्चालनको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- चालु आ. व.मा. मालपोत तिरेको रसिदको प्रतिलिपि ।
- व्यवसाय सन्चालन हुने वा भएको स्थानको २प्रति फोटो ।
- स्थानिय उधोग बाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

..................................
निवेदकको दस्तखत

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(दफा ६ उपदफा ३ सँग सम्बन्धित

छबिसपाथिभेरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

छबिस बझाङ्ग

सुदुरपश्चिम पदेश ,नेपाल ।

प्रमाण पत्र दर्ता नं. :

दर्ता मिति : .....................

फोटो

## व्यवसाय दर्ता प्रमाण-पत्र

बझाङ्ग जिल्ला छाबिसपाथिभेरा गाउँपालिका वडा नं ....बस्ने तपाई श्री ..........................लाई छबिसपाथिभेराको "व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धि कार्यविधि, २०८०" बमोजिम निजको नाममा निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ ।

व्यवसायको नाम : ...........

व्यवसायीको ना.प्र.नं......................जारी गर्ने जिल्ला बझाङ्ग जारी मिति ......../..../....

व्यवसाय संचालन भएको वा हुने मिति :........./..../.....

व्यवसाय रहने स्थान :.......................

वाटो नाम :...............घर नं ............टोल ...............................

व्यवसाय रहने घर/जग्गा धनीको नाम :श्री ...........................

व्यवसायको प्रकृति :................................

पूँजी लगानी (रु.मा) : ...............

व्यवसायको वर्गिकरण : ...............

व्यवसायका कारोवारहरु : ..........................................

..................

...................

...................

संचालक

तयार गर्ने

जारी गर्ने

१. व्यवसायीले प्रत्यक आर्थिक वर्षको लागि तोकिएको व्यवसाय कर उक्त आ.व. को असोज महिना भित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ । गाउँपालिकाको स्थलगत रुपमा व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नवीकरण गर्न सकिनेछ ।

२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

३. व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कर इकाईबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी सालवसाली रुपमा कर लाग्नेछ ।

४. यो प्रमाण पत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राख्नु पर्नेछ । यस्तो प्रमाण पत्र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चोहेको बखतमा तुरुन्त देखाउनु पर्नेछ ।

५. व्यावसायिक गतिविधि संचालन गर्दा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६. व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायी स्वयंको हुनेछ ।

७. व्यवसाय संचालनको शिलशिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

८. उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्ध गरी व्यवसाय बन्दको कारवाही समेत गर्न सक्नेछ ।

९. यो प्रमाणपत्र गाउँपालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र संचालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र संचालन गर्नु पर्नेछ ।

गगन बहादुर ऐडी
नि.प्रमुख प्रशासकीय अधिकृत

नविकरण सम्बन्धी विवरण

| क्र.सं | आर्थिक वर्ष | नविकरण गरेको मिति | कर तथा शुल्क र जरिवाना तिरेको रसिद नं | रसिदको मिति | नविकरण गर्नेको दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | | | | | |

..............................
आज्ञाले :
गगन बहादुर ऐडी
नि प्रमुख प्रशासकीय अधिकृत